
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १५ गते शुक्रबार ❑ 1 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## मुस्ताङको स्याउ असोजको पहिलो साता बजारमा ल्याउने तयारी

पोखरापत्र संवाददाता
पोखरा, १४ भदौं

हिमाल पारीको जिल्ला मुस्ताङमा उत्पादन भएको स्याउ यसपाली असोजको पहिलो सातामा मात्र पोखर, काठमाण्डौंा सहितको अन्य बजारमा पुग्ने भएको छ।

जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा मुस्ताङका ५ वटै पालिकाका प्रमुख सहितको छलफलबाट असोज एक गते भित्र मुस्ताङमा स्याउ टिप्न नपाइने निर्णय गरेसगै मुस्ताङमा उत्पादन भएको स्याउ असोज पहिलो साताबाट मात्र पोखरा, काठमाण्डौं सहितका अन्य बजारमा पुग्ने भएको जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङले बताउनु भयो।



राम्रोसंग पुष्टिन नपाउदै मुस्ताङका किसानले उत्पादन गरेको स्याउ बजारमा जाने जसले गर्दा स्याउको गुणस्तरमा ह्रास आएको र किसानले उचित मुल्य नपाएकोले गर्दा उक्त निर्णय गरिएको उहाँले बताउनु भयो । मुस्ताङमा उत्पादन हुने स्याँउ भदौं देखि नै बजारमा पठाउने हुदाँ मुस्ताङको स्याउँमा राम्रोसंग रस नपस्ने गरेको जसले गर्दा गुणस्तरमा ह्रास आएकोले यसको गुणस्तर कायम गर्न पनि सो निर्णय प्रायः सबैले मान्य गरेको प्रमुख गुरुङले उल्लेख गर्नु भयो।

यसवर्ष मुस्ताङ जिल्लामा उत्पादन हुने स्याउको गुणस्तरलाई कायम गर्न भदौं अघि स्याउ टिप्न जिल्लाका ५ वटै स्थानीय तहका किसानलाई अनुरोध गरिएको उहाँले बताउनु भयो। समितिले गत साउन १९ गते बसेको बैठले उक्त निर्णय गरेको थियो।

मुस्ताङमा गोल्डेन डेलिसियस, रेडडेलिसियस, रिचारेड डेलिसियस, रोलय डेलिसियस लगायतका जातको स्याउ खेति हुदै आएको छ भने २ हजार ५ सय भन्दा माथिको उचाईमा उत्पादन भएको मुस्ताङको स्याउ अन्य भन्दा केही गुणस्तरको हुने गरेको स्थानियले बताउनु हुन्छ । मुस्ताङमा उत्पादन हुने स्याउको गुणस्तर असोजको दोश्रो साताबाट मात्र हुने हुँदा समितिले गरेको उक्त निर्णय उपयुक्त भएको स्थानिय एक किसान शान्तिमाया तामाङले बताउनु भयो । यस पाली आफुले डेढ लाखको स्याउ बिक्रि गर्ने लक्ष्य राखेको बताउदै उहाँले असोजको १५ गते पछि मात्र स्याउ टिप्ने योजना भएको सुनाउनु भयो। कृषि ज्ञान केन्द्र मुस्ताङका कार्यालय प्रमुख प्रकाश बस्ताकोटीले यसपाली मुस्ताङको स्याउको गुणस्तर कायम गर्दै किसानलाई उचित मुल्य उपलब्ध गराउने उद्धेश्यले असोज एक गते पछि मात्र स्याउ टिप्न अनुमति दिइएको बताउनु भयो। जलवायु परिवर्तनको कारण यसपाली फुल फुल्ने समयमा पानी परेको कारण परागसेचन (पोलिनेशन) हुन नपाएको हुदाँ गत बर्षको तुलनामा यस बर्ष स्याउ उत्पादनमा करिब ४० प्रतिशत घट्न सक्ने बताउनु भयो। मुस्ताङको तल्लो पालिका थासाङ र घरपझोङमा यस बर्ष स्याउ उत्पादनमा कमी आउने उहाँले दाबी गर्नु भयो । प्रमुख बस्ताकोटीका अनुसार मुस्ताङका अन्य गाउपालिका बाह्गाउँ मुक्तिक्षेत्र, लोमाङथाङ र लो घेकर दामोदरकुण्डमा सामान्य स्याउ उत्पादनमा कमी हुने छ।

यस अघि भदौं दोश्रो साताबाटै मुस्ताङको स्याउ बजारमा लैजादा केही अमिलो हुने जसले बजारमा मुस्ताङको स्याउको ब्राण्डलाई नै नकरात्मक प्रभाव पार्न थालेकोले असोज अघि टिप्न नपाउने निर्णय गरिएको उहाँको भनाई थियो। गत बर्ष मुस्ताङमा ६ हजार ५ सय ९७ मेटिक्टन स्याउ उतपादन भएको प्रमुख बस्ताकोटीले बताउनु भयो। मुस्ताङका स्याउ बगैंचामा राम्ररी नपाक्दै बजार पुऱ्याउने अबस्थाले गर्दा गुणस्तर र राम्रोसंग त्यसले आकार ग्रहण नगरेको, राम्रोसंग रस नपसेको समस्या हुने गरेको थियो । मुस्ताङका ५ स्थानीय तहमा करिब १ हजार ४ सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती विस्तार भएको बताइन्छ।

## समाजवादी मोर्चाको गण्डकी प्रदेश समिति घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १४ भदौं

समाजवादी मोर्चा नेपालको गण्डकी प्रदेश संयोजन समिति गठन गरिएको छ।

पोखरामा भदौ १५ गते शुक्रबार हुने प्रदेशस्तरीय सन्देश सभाको अघिल्लो दिन मोर्चामा आबद्ध पार्टीबाट तीन-तीन जना सदस्य रहने गरी प्रदेश समिति गठन गरिएको मोर्चाले शुक्रबारपत्रकार सम्मेलन आयोजना गरी जानकारी दिएको हो । नेकपा (माओवादी केन्द्र) का सचिव एवं गण्डकी प्रदेशका इन्चार्ज देवेन्द्र पौडेलले पत्रकार सम्मेलनमा मोर्चाको प्रदेश समिति घोषणा गर्नुभयो। मोर्चामा माओवादी केन्द्रबाट गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, ज्ञानमान गैरे र जगन्नाथ खनाल सदस्य हुनुहुन्छ। नेकपा (एकीकृत समाजवादी)बाट केशवलाल श्रेष्ठ, श्रीनाथ बराल र प्रतापलाल श्रेष्ठ, जनता समाजवादी पार्टीबाट गोपाल गुरुङ, निर्मल जिसी र रमेश नेपाली मोर्चामा रहनुभएको छ। यसैगरी विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीबाट राजन सी, दीपा सी र काजी सी रहनुभएको छ । सचिव पौडेलका अनुसार मोर्चा समितिको अध्यक्षता आलोपालो प्रणालीअन्तर्गत हाललाई माओवादी केन्द्रका प्रदेश अध्यक्ष गुरुङले गर्नुहुनेछ।

मोर्चाले प्रदेशका ११ वटै जिल्लामा हरेक पार्टीबाट दुई-दुई जनाको प्रतिनिधित्व हुने गरी जिल्ला संयोजन समिति पनि गठन गरिने जनाइएको छ। यसैगरी मोर्चाले भोलि भदौ १५ गते पोखरा सभागृहमा आयोजना गर्ने सन्देश सभाको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । सो सभालाई प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ। समाजवादी मोर्चाले देशका सातवटै प्रदेशमा सन्देश सभा गर्ने निर्णयअनुसार गण्डकीमा गर्न लागिएको हो । मोर्चाले मधेस प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा सन्देश सभा सम्पन्न गरिसकेको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादका मौलिक विशेषताहरूको पहिचान गरी समाजवादको नेपाली बाटो तय गर्ने प्रतिबद्धताका साथ समाजवादी मोर्चा स्थापना भएको सचिव पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र, सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायसहितको नेपाली विशेषताको समाजवाद स्थापना गर्ने मूल उद्देश्यले मोर्चा गठन गरिएको हो । मोर्चालाई प्रदेश, जिल्ला तथा स्थानीय तहसम्म विस्तार गर्छौं।" सघीयता, लोकतान्त्रिक गणतन्त्र, सुशासन, आर्थिक समृद्धि र सामाजिक न्याय सहितको नेपाली विशेषताको समाजवाद स्थापना गर्ने मूल उद्देश्य सहित संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा सुद्धीकरण गर्दै नेपाली समाजवादका मौलिक विशेषताहरुको पहिचान गरी समाजवादको नेपाली बाटो तय गर्न स्थापना भएको समाजवादी मोर्चा नेपालको गण्डकी प्रदेश संयोजन समिति गठन भएको उहाँले प्रष्ट पार्नु भयो।



समाजवादी मोर्चा, नेपाल केन्द्रीय संयोजन समितिले तय गरेको कार्यक्रम अनुसार शुक्रबार १२:०० बजे उक्त कार्यक्रम आयोजना गरिने भएको माओबादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले बताउनु भयो। उक्त कार्यक्रमको व्यवस्थापन नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रबाट हुने भएको छ।

## छ नम्बर वडावासीद्वारा महानगरलाई पाँच बुँदे ज्ञापनपत्र

पोखरापत्र संवाददाता
पोखरा, १४ भदौं


भवनको अभिलेखिकरण गर्दा पोखरा महानगरपालिकाले नक्सा पास सरहको मान्यता दिन्छ कि दिंदैन भन्ने जिज्ञासा राख्दै पोखरा-६ का वासिन्दाले महानगर प्रमुख धनराज आचार्यलाई पाँच बुँदे ज्ञापनपत्र बुझाएका छन्।

पोखरा महानगरपालिकाका वडा ६ का अध्यक्ष विष्णुबहादुर भट्टराईको हस्ताक्षर गरी वडावासिका तर्फबाट उक्त ज्ञापनपत्र बुझाइएको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। वडा अध्यक्ष भट्टराई, विभिन्न राजनीतिक दलका प्रतिनिधि, होटल संघ र नागरिक समाजसहितका वडावासिको तर्फबाट बुझाइएको ज्ञापनपत्रमा भवन अभिलेखिकरणका विषयमा मुख्य तीन वटा जिज्ञासा राखिएको छ- 'पहिलो, महानगर पालिकाले अभिलेखिकरणको मात्र प्रमाण पत्र दिन्छ कि सम्पन्नताको पनि प्रमाण पत्र दिन्छ ? दोश्रो, यस्तो प्रमाण पत्रलाई अन्य सबै निकायहरु खास गरी धितो मूल्यांकनकर्ता संस्थाहरु र बैंक वित्तीय संस्थाले सम्पनता प्रमाण पत्र सरह मान्यता दिन्छन् कि दिँदैनन् ? तेश्रो, अभिलेखिकरण गर्दा लाग्ने तीन गुणा राजश्वलाई कुनै समितिको सिफारिस वा कुनै तरिकाबाट घटाउन सकिने उपाय भएमा गम्भीरता पुर्वक सोचिदिनुहुन बिनम्र अनुरोध गर्दछु।'

बिगत तीसौं वर्षदेखि पोखरामा स्वीकृत भवन निर्माण नक्साको उचाई एक थरी तर निर्माण भएको भवन अर्कै थरी हुने गरेको तर जिम्मेवार निकायबाट समय सापेक्ष्य उचाईको मापदण्ड परिवर्तन नगरेको अवस्था पनि वडावासिले स्मरण गराएका छन्।

यसैगरी घर बहाल करको सन्दर्भ उल्लेख गर्दै वडावासिले यस वर्ष सबैलाई सात प्रतिशत बहाल कर लगाउँदा मर्का पर्न गएको उल्लेख गरेका छन्। व्यवसायीले घरभेटीबाट श्रोतमा नै कट्टी गरेर कर दाखिला गर्नुपर्ने प्रावधान महानगरका लागि सहज भए पनि वास्तविक कर तिर्नुपर्ने घरभेटी सो दायित्वबाट उम्किने तर अधिकांश व्यवसायीहरु दोहोरो मारमा पर्ने अवस्था कायमै रहेको गुनासो गरिएको छ । यसैगरी फिस्टेल गेटदेखि खहरेचोकसम्म समान बहालदर अनुमान गरी वर्ग फीटको आधारमा कर लगाउँदा जनतालाई मर्का पर्न गएको कुरा पनि उनीहरुले उल्लेख गरेका छन् । तर गत बर्ष घर बहाल कर १० प्रतिशतबाट घटाएर ४ प्रतिशतसम्म बनाइएकोमा एकातिर राहत महसुस भएको र करको दर घटाउने, दायरा बढाउने नीति अनुसार काम गर्दा उक्त वडाबाट उठ्ने राजश्वमा उल्लेख्य वृद्धि भएको विषय पनि स्मरण गराइएको छ। केही कन्सल्टेन्सीहरुको फाइदाको लागि उनीहरुकै दबाबमा विभिन्न तहका होटल, लज, रेस्टुराँ बारले पर्यटक स्तरमा दर्ता तथा नबिकरण गर्नका लागी बिगतमा हुँदै नभएको वातावणीय अध्ययन प्रतिवेदन पेश गर्नु पर्ने प्रावधान लागु गरिएको भन्दै गुनासो गरिएको छ। प्रदेश सरकारबाट इजाजत प्राप्त हुने होटल, लज, रेस्टुराँ बारले संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरण परिक्ष्यण पेश गर्नुपर्ने प्रावधान राखिएको छ । यो लागू भएमा पोखरामा भएका मध्ये ९० प्रतिशत व्यवसायको नवीकरण हुन नसक्ने अवस्था रहेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताए । तसर्थ महानगरपालिकाको तर्फबाट वातावरणीय अध्ययन प्रतिवेदन दिन सक्ने प्रावधान भएको हुनाले तोकिए अनुसारको अध्ययन प्रतिवेदन दिने प्रक्रियालाई सहज र शिघ्र हुने प्रबन्ध हुनुपर्ने सुवेदीले बताए।

घर जग्गाको वास्तविक मूल्य घटी रहेको र चरम मन्दी भएको अवस्थामा पनि प्रदेश सरकारले जमिनको सरकारी मूल्यांकनमा भारि वृद्धि गरेपछि परेको प्रभाव न्यूनीकरण कसरी गर्ने भन्ने अर्को समस्या रहेको वडावासिको भनाई छ। साथै अंश बन्डा तथा नामसारी गर्दा लाग्ने दस्तुरमा प्रदेशले भारि वृद्धि गरेकोमा आगामी दिनमा सहजीकरण गर्ने अवसर मिलेमा यस बिषयमा पनि ध्यान दिन उनीहरुले महानगरसँग अनुरोध गरेका छन्।



## समाजवादको नयाँ यात्रामा जाने आन्दोलन हो मोर्चा : प्रधानमन्त्री

रासस
काठमाडौं, १४ भदौं

प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी मोर्चा समाजवादको नयाँ यात्रामा जाने आन्दोलन भएको बताउनुभएको छ । उहाँले आफ्नो समग्र जीवन राष्ट्रका लागि दिने बताउनुभयो।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा समाजवादी मोर्चा नेपालद्वारा आज आयोजित 'सन्देश सभा'लाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले मुलुकको समृद्धि, सुशासन र सामाजिक न्यायका लागि समाजवादी मोर्चा गठन भई यसले आफ्नो अभियान थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्र, राष्ट्रियता र मुलुकको स्वाभिमान जोगाउन मोर्चा नयाँ सङ्कल्पसहित अगाडि बढेको छ। यो यात्रा मोर्चाको आन्दोलन हो।"

क्रान्तिकारीहरूलाई चनाखो बन्न र अझ ठूलो मोर्चा बनाएर एकताबद्ध ढङ्गले अगाडि बढ्न आग्रह गर्दै प्रधानमन्त्री दाहालले मुलुक र नेपाली जनतालाई केन्द्रविन्दुमा राखेर कम्युनिष्टहरूले आन्दोलनलाई गन्तव्यमा पुर्‍याउनुपर्नेमा जोड दिनुभयो । कम्युनिष्टहरूको नेपालको परिवर्तनमा ऐतिहासिक भूमिका भएको बताउँदै उहाँले समाजवादी मोर्चा जनताको तागत बनेर आउने जिकिर गर्नुभयो।

सम्बोधनका क्रममा उहाँले मुलुकमा व्याप्त भ्रष्टाचारविरुद्ध


बाँकी अन्तिम पृष्ठमा ▶▶

# प्रदेश प्रमुख र मुख्यमन्त्रीको कार्यालयमा पनि जनैपूर्णिमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्बीमान गुरुङ र गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि जनैपूर्णिमा पर्व मनाउनु भएको छ।

उहाँहरुको निवासमै पुगेर ईश्वरीय विश्व विद्यालय क्षेत्रीय (ओम शान्ति) कार्यालय नयाँबजारको टोलीले राखी बाध्नु भएको थियो । ब्रह्मा कुमारी नेपालका अध्यक्ष एवं निर्देशक राजयोगिनी ब्रह्माकुमारी परणिता दिदी सहितको टोलीले प्रदेश प्रमुख र मुख्यमन्त्री समक्ष राखी बाधेर प्रसाद वितरण गर्नु भएको थियो।



दक्षिणा दिदै प्रदेश प्रमुख गुरुङ र मुख्यमन्त्री पाण्डेले यस्ता चार्ड पर्वलाई नेपाली परम्परागत शैलीमा मनाउनु पर्नेमा जोड दिदै कार्यव्यस्तताले गर्दा घर परिवारबाट टाडा रहेको अबस्थामा पनि निवासमै आएर राखि बाध्नु भएको ओम शान्तिको टिमलाई बिषेश धन्यवाद दिनु भएको ओम शान्तिकी विनु पराजुलीले बताउनु भयो।

आपसी सद्भावना, स्नेह र पवित्रताको प्रतिज्ञाको प्रतिकको रुपमा मनाइने रक्षाबन्धन (जनैपूर्णिमा) को अवसरमा ओम शान्तिको टोलीले धेरै संघ संस्था र व्यक्तिहरुलाई राखि बाधेको संयोजक शैलेस बराललले बताउनु भयो।

# बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**रासस**
काठमाडौं, १४ भदौं

सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । नेपाल आयल निगमका अनुसार पेट्रोल प्रतिलिटर चार, डिजेल र मट्टितेल प्रतिलिटर तीन र एलपी ग्यास प्रतिसिलिन्डर रु दुई सय ३५ ले बढेको छ।

निगमले मूल्य वृद्धि आज मध्यरातिदेखि लागू हुने जनाएको छ । इण्डियन आयल कर्पोरेशनबाट आज मूल्य वृद्धि भएर आएकाले नेपालमा पनि पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गरिएको निगमले विज्ञप्तिमा जनाएको छ। निगमका अनुसार इण्डियन आयल कर्पोरेशनबाट पेट्रोल र डिजेलमा क्रमशः प्रतिलिटर रु तीन दशमलव १७ र रु दुई दशमलव ४८ तथा एलपी ग्यासको मूल्यमा प्रति सिलिण्डर रु एक सय ८६ दशमलव ४५ ले वृद्धि भएर आएको छ।

# समाजबादको ...

लडाइँ सुरु भएको र अब यो नरोकिने प्रतिबद्धता व्यक्त गर्नुभयो। "सरकारले थालेको सुशासन र भ्रष्टाचारविरुद्धको अभियान अझ पेचिलो गरी अगाडि बढ्छ", उहाँले भन्नुभयो, "यसमा नेपालका राजनीतिक दललगायत सबै सरोकारवालाले सहयोग गर्नुपर्छ ।" उहाँले जनताको सुख, मुलुकको समृद्धि, आन्दोलनको उपलब्धि, रक्षा र क्रान्तिका लागि मोर्चा अपरिहार्य आवश्यकता भएको प्रतिक्रिया दिनुभयो।

समाजवादी मोर्चाको अभियानले हिजोको सामन्ती राज्यका अवशेषलाई समाप्त पार्ने बताउनुभएका प्रधानमन्त्री दाहालले समाजवादी मोर्चा बनाउँदा अरुभन्दा आफू बढी खुसी भएको प्रतिक्रिया दिनुभयो । सोही क्रममा उहाँले विप्लवको सुरक्षा घेरामा आफूले जनयुद्ध अगाडि बढाएको उल्लेख गर्दै परिवर्तनको पक्षमा अग्रसर भई राम्रा काम गर्दा हटाउँछु भन्नेलाई हटाएर देखाउन चुनौती दिनुभयो । प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको सरकार भ्रष्टाचारविरुद्धमा अग्रसर हुँदा कांग्रेस, एमालेलाई लक्षित गरेको भन्ने कुरा मिथ्या भएको प्रतिक्रिया दिँदै उहाँले माओवादी र आफू नै त्यस्तो विषय आए पनि छोड्न नहुनेमा जोड दिनुभयो । उहाँले सरकारले राम्रो काम गरेको प्रतिक्रियावादी र दलालहरूलाई सह्य नभएको समेत जिकिर गर्नुभयो । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले समाजवादी मोर्चाले कम्युनिष्ट आन्दोलनलाई बचाउने क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने विचार व्यक्त गर्नुभयो । मुलुकलाई आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका लागि मोर्चा आवश्यक भएको उहाँले जनाउनुभयो । पूर्वप्रधानमन्त्री नेपालले समाजवादी मोर्चाका कारण सरकार ढल्छ कि भन्ने आकलन गरिए पनि कुनै पनि हालतमा यो सरकार नढल्ने दाबी गर्नुभयो । कम्युनिष्टहरू मिल्दा गठबन्धनभित्रको दल नेपाली कांग्रेसको मनमा चिसो नभई तातो पसेको बताउँदै उहाँले भन्नुभयो, "मोर्चा बन्दा कांग्रेसलई चिसो पस्यो कि भन्ने आकलन गरिएको छ । त्यो गलत हो, बरु वर्तमान सरकार जोगाउन यसले महत्त्वपूर्ण भूमिका खेल्नेछ । एकतामा शक्ति मिल्ने र शक्तिमा तागत जुट्ने भएकाले समाजवादी शक्तिहरू एक ठाउँमा आइपुगेका छन् ।" नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले प्रतिगामी शक्ति र प्रतिक्रान्तिकारीहरूले कम्युनिष्टलाई देखी नसहेको आरोप लगाउनुभयो । क्रान्तिलाई पूर्णता दिएमात्र प्रतिक्रान्तिकारी ध्वस्त हुने उहाँको भनाइ थियो।

आजको संसदीय व्यवस्था रहेसम्म मुलुकमा स्थिरता, स्वाधीनता, शान्ति, समृद्धि सम्भव नहुने भन्दै उहाँले अब नेपाली विशेषताको समाजवाद ल्याउने दिशामा जानुपर्नेमा जोड दिनुभयो । नेपालको रातो झण्डा र समाजवादी व्यवस्था स्थापनाका लागि थालिएको अभियान सम्राज्यवादीहरूले नरुचाएको जनाउँदै उहाँले अब मोर्चाको संरक्षण गर्दै त्यसलाई अगाडि बढाउने युगीन कार्यभार हामी रहेको बताउनुभयो । जनता समाजवादी पार्टीका केन्द्रीय कार्यकारी परिषद् सदस्य प्रकाश अधिकारीले विभिन्न ऐतिहासिक आन्दोलनसहित हजारौँ सहिदको बलिदानबाट प्राप्त सङ्घीय गणतन्त्रात्मक व्यवस्था आइपुग्दा पनि मुलुक अप्ठ्यारो अवस्थामा पुगेको र उक्त समस्या समाधानका लागि समाजवादी मोर्चा गठन भएको बताउनुभयो। यसका लागि कम्युनिष्टहरूले न्यूनतम साझा समझदारीका आधारमा समाजवादी मोर्चा गठन गरी राजनीतिक स्थिरता, शान्ति, समृद्धि र विकासलाई केन्द्रमा राखेर समाजवादको यात्रा तय गरेको उहाँको भनाइ थियो।

# टेबल टेनिस टोली दक्षिण कोरिया जाँदै

**रासस**
काठमाडौं, १४ भदौं

नेपाली टेबल टेनिस टोली २६औँ एसियाली टेबल टेनिस च्याम्पियनसिपमा सहभागी हुन भोलि दक्षिण कोरिया प्रस्थान गर्दैछ । यही भदौ १७ देखि २४ गतेसम्म हुने प्रतियोगितामा नेपालबाट तीन पुरुष र दुई महिला गरी पाँच खेलाडी सहभागी हुँदैछन्।

पुरुषमा संयोग कपाली, रुविन महर्जन र विलोश श्रेष्ठ तथा महिलामा सिक्का सुवाल श्रेष्ठ र इभाना थापा रहेका छन्। प्रशिक्षकमा मुख्य प्रशिक्षक सञ्जिव ढुङ्गेल छन्। नेपालले पुरुष/महिला सिङ्गल्स, डबल्स, टिम र मिक्स स्पर्धा गरी ७ स्पर्धामा प्रतिस्पर्धा गर्नेछ । पाँचै खेलाडी १९औँ एसियाली खेलकुदका लागि छनोट भएका खेलाडी हुन् । एसियाली खेलकुदमा छ खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्दैछन् । एसियाली खेलकुका लागि छनोट भएकी नेपाल नम्बर वान नविता श्रेष्ठ भने टोलीमा समावेश छैनन् । उनी हाइ फर्मेन्स तालिमका लागि शनिबारै अमेरिका जाँदै छिन्।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले आज एक कार्यक्रमबीच बिदाइ गर्नुभयो । टेबल टेनिस टोली हालै एसियाली खेलकुदको तयारी प्रशिक्षणबाट भारतबाट फर्किएको हो । बिदाइका अवसरमा सदस्यसचिव घिसिङले खेलाडीलाई एसियाली खेलकुदको तयारी प्रशिक्षणबारे चासोपूर्वक जानकारी लिनुभएको थियो । खेलाडीले भारतमा भएको तयारी प्रशिक्षण सन्तोषजनक रहेको बताएका थिए । यसैबीच अखिल नेपाल टेबल टेनिस सङ्घ, तदर्थ समितिको पहिलो बैठकले सङ्घका वरिष्ठ सहसंयोजक सुदिल शाहीको संयोजकत्वमा खेलकुद विकास ऐनअनुसार सङ्घको नयाँ विधान बनाउन समिति गठन गर्ने निर्णय गरेको छ। सङ्घका संयोजक चतुरानन्दराज वैद्यको अध्यक्षतामा आज बसेको बैठकले शाहीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरेको हो। समितिका सदस्यमा सहसंयोजक वृजेन्द्र हमाल, प्रज्ज्वलकान्त मैनाली, नवीनबहादुर शाक्य र शिवसुन्दर गोथे रहेका छन्।

# पोखरामा जनैपूर्णिमा पर्वको रौनक

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

पोखरामा पनि जनपूर्णिमा पर्व मनाइएको छ। पोखरामा आफ्ना आफन्तहरुसंगै घर पुगेर जनैपूर्णिमा पर्व मनाउन नपाएकाहरुको लागि सार्वजनिक स्थलमा तथा ओम शान्तिका विभिन्न शाखामा सामुहिक रक्षा बन्दन कार्यक्रमको आयोजना गरिएको थियो।

ईश्वरीय विश्व विद्यालय क्षेत्रीय (ओम शान्ति) कार्यालय नयाँबजारमा विहिबार सरकारी कार्यालयका उच्चपदस्थ कर्मचारी, राजनीतिक दलका नेता, उद्योगी व्यवसायी लगायतका पोखरेलीहरु राखी बाध्न आउनु भएको संयोजक एवं विश्वबिद्यालयको महासचिव सैलेस बराललले बताउनु भयो । पोखरामा आफ्ना ओम शान्तिका २५ वटा शाखामा रक्षाबन्दन कार्यक्रम बिहानैबाट संचालन भएको उहाँले बताउनु भयो । यस बर्षको जनैपूर्णिमा बुधबार र



विहिबार दुई दिन परेकोले अघिल्लो बर्षको तुलनामा केही चहल पहल कम भएको महासचिव बराललले जनाउनु भयो। आपसी सद्भावना, स्नेह र पवित्रताको प्रतिज्ञाको प्रतिकको रुपमा मनाइने रक्षाबन्धन (जनैपूर्णिमा) को अवसरमा समाजका विभिन्न व्यत्ति तथा संघ संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको संयोजक बराललले बताउनु भयो । ब्रह्मा कुमारी नेपालका अध्यक्ष एवं निर्देशक राजयोगिनी ब्रह्माकुमारी परणिता दिदीले आगन्तुक दाजुभाई दिदीबहीनीहरुलाई राखि बाध्नु भएको थियो । पछिल्लो समयमा राखि बाध्ने प्रचलनले गर्दा तागो प्रचलन निकै कम रहेको छ। तागोधारीले जनैपूर्णिमा पर्वको अवसरमा नयाँ जनै फेर्ने गर्नुहुन्छ।

पोखराका विभिन्न बजारमा राखि बिक्रि गर्नेहरुको भिड रहेको छ। जनैपूर्णिमा पर्वको अवसरमा मिठामिठा खानेकुरा समेत खाने प्रचलनले गर्दा मिठाई मसल तथा फलफुल पसलमा समेत केही भिडभाड भएको थियो।


# सगरमाथाबाट प्याराग्लाइडिङ गरेका चिनियाँ नागरिकलाई सम्मान

**रासस**
काठमाडौं, १४ भदौं

विश्वको सर्वोच्च शिखर सगरमाथाको आठ हजार मिटर उचाइबाट प्याराग्लाइडिङ गरेका चिनियाँ नागरिक ली सानटाओलाई सम्मान गरिएको छ।

बाबु एडभेन्चर प्याराग्लाइडिङ, सेभेन समिट ट्रेक्स प्रालि र नेपाल विग माउण्टेन ट्राभस कम्पनीले बुधबार साँझ एक कार्यक्रमको आयोजना गरी चिनियाँ नागरिक सानटाओलाई सम्मान गरेको हो । सानटाओले गत मे १८ मा सगरमाथाको आठ हजार मिटर उचाइबाट बेसक्याम्पसम्म प्याराग्लाइडिङ गर्नुभएको थियो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले नेपालमा हिमालको शिरबाट प्याराग्लाइडिङ गरिनु पर्यटन क्षेत्रका लागि नयाँ अनुभव र सम्भावना भएको बताउनुभयो। "नेपाल पर्यटन क्षेत्रको अथाह सम्भावना भएको मुलुक हो, हामीसँग भएको पर्यटकीय क्षेत्रलाई विश्वमाझ पुऱ्याएर यसबाट विदेशी मुद्रा आर्जनमा लाग्नुपर्छ", उहाँले भन्नुभयो, "नेपालले प्याराग्लाइडिङ क्षेत्रलाई अगाडि बढाउनका लागि स्कूल सञ्चालन गरेर शिक्षा प्रदान गर्दै आइरहेको छ।" प्याराग्लाइडिङ आरोही सानटाओले सन् २०१५ मा पोखरामा पहिलोपटक प्याराग्लाइडिङ गरेको स्मरण गर्दै सोही समयदेखि नै सगरमाथामा प्याराग्लाइडिङ गर्ने सपना बुनेको बताउनुभयो। "मैले सन् २०१५ मै पोखरामा प्याराग्लाइडिङ गरेपछि सन् २०१६ मा प्याराग्लाइडिङ कोर्ष पढेर क्रमशः पाँच हजार, छ हजार र सात हजारका चीनका चुचुरोमा प्याराग्लाइडिङ गरेँ", उहाँले भन्नुभयो, "त्यसपछि सगरमाथाबाट प्याराग्लाइडिङ गर्ने इच्छा जागेकाले अहिले आएर सफल भएको छु।" पर्यटन व्यवसायी कर्ण शाक्यले पर्यटनका माध्यमबाट मुलुकको विकासमा टेवा पुग्नै भन्दै पर्यटन प्रवर्द्धनमा सबैको ऐक्यबद्धताको खाँचो औँल्याउनुभयो । "पर्यटनको हिसाबले विश्वको उत्कृष्ट मुलुक नेपाल हो । विश्वमा भन्दा राम्रो प्राकृतिक सम्पदा र हावापानी नेपालमा रहेकाले पनि यहाँको पर्यटन प्रवर्द्धनमा सबैको ऐक्यबद्धता आवश्यक छ", उहाँले भन्नुभयो । सेभेन समिट ट्रेक्स प्रालिका सञ्चालक एवं पर्यटन व्यवसायी मिङ्मा शेर्पाले नेपालका हिमाल प्याराग्लाइडिङ गर्ने खालका रहेकाले यसलाई सरकारले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । कोरोनापछि नेपालको पर्यटन क्षेत्र विस्तारै गतिमा जान थालेको उहाँको भनाइ थियो । यसैबीच, बुधबार दिउँसो संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सगरमाथाबाट प्याराग्लाइडिङ गरेका चिनियाँ नागरिक ली सानटाओलाई मन्त्रालयमा सम्मान गर्नुभएको थियो।


शुभारम्भ ! शुभारम्भ !! शुभारम्भ !!!
सक्सेस आयुर्वेद फार्मेसी तथा मिसन आयुर्वेद स्वास्थ्य क्लिनिक
यहि २०८० भदौं १६,१७ र १८ गते हुने
शुभारम्भ कार्यक्रममा यहाँहरु सम्पूर्णलाई हार्दिक निमन्त्रणा
काठमाडौंका वरिष्ठ डाक्टर सहितको टिमद्वारा स्वास्थ्य परीक्षण गरिन्छ
शुभारम्भको अवसरमा
१) नि: शुल्क चेकअप,ओपिडी टिकट फ्रि
२) क्षारसूत्र अपरेशनमा ३०% सम्म छुट
३) ल्याब परीक्षणमा २०% प्रतिशत छुट
४) औषधीमा १०% प्रतिशत छुट
सम्पर्क : ९८५६०३८२०६, ४८२५१५३४६३
पोखरा-१०, बुद्धचोक

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

**केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध**

## सम्पादकीय

# गाइजात्रा विस्तार

नेवार समुदायले काठमाडौं उपत्यकामा मनाउने गाईजात्रा अहिले देशका मुख्य शहरहरुमा मनाउने गरिएको छ । गाईजात्रालाई सांस्कृतिक पर्वको रुपमा मनाइने गरिएको छ । काठमाडौं उपत्यका लगायत बनेपा, पनौती, धुलीखेल, पोखरा, तानसेन, बुटवल, गोर्खा, नारायणगढ, धरान, धनकुटा, विराटनगर, भद्रपुर लगायतका शहरहरुमा गाईजात्रा मनाउने गरिन्छ । काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने गरिन्छ । यस वर्षदेखि देशभरका नेवार समुदायलाई विदा पाउने भएका छन् । गाइजात्रा काठमाडौं उपत्यकामा मात्र सिमित नरही देशब्यापी बनेको छ। । गाईजात्राले जन्मपछि मृत्यु अवश्य हुन्छ जीवनको अनिवार्य प्रकृया हो भनेर बुझाउने काम गर्दछ । मृतकको फोटो सहितको झाकी, बाजागाजा, गाई र व्यङ्ग्यात्मक प्रर्दशन गराउने चलन राजा प्रताप मल्लले चलाएका थिए । प्रताप मल्लका नावालक छोराको मृत्यु पछि रानी विक्षिप्त भईन । उनलाई केही गरि सम्झाउन नसकेपछि राजा प्रताप मल्लले एउटा उपाय रचे । त्यस वर्षभरी राज्यमा मृत्यु भएका नागरिकका आफन्तलाई गाई सहित दरवार अगाडि रानीले देख्ने गरि जात्रा निकाल्न आव्हन गरेका थिए । त्यही वेलादेखि गाईजात्रा निकाल्न थालिएको हो । गाईजात्रा नेपालको सास्कृतिक पर्वको रुपमा मनाउने गरिएको छ । समाजमा व्याप्त विकृति, विसंगति, कुरीति र कुशासनलाई हास्यव्यङ्ग्यको माध्यमबाट प्रकट गर्ने पर्वको रुपमा गाईजात्रालाई लिने गरिएको छ । देशमा राजनीतिक मुल्य र मान्यता सबै भत्केको वेला सधै गाइजात्रा भएको छ । गाईजात्रामा व्यङ्ग्य, सा“स्कृतिक झा“की, नृत्य लगायत विभिन्न कार्यक्रम गरी मनाइन्छ । नेवार समुदायमा मनाइने गाईजात्रा पर्वले नेपालको सा“स्कृतिक महत्व राख्दछ ।

नेपालका मौलिक संस्कृतिमाथि चौतर्फी आक्रमण भइरहेको बेलामा गाईजात्राको महत्वलाई जोगाई राख्नु संस्कृतिकर्मीहरुले पहल गर्नुपर्ने बेला भएको छ । गाईजात्रामा प्रदर्शन गरिने व्यङ्ग्य, सांस्कृतिक नृत्य तथा झा“कीले यस्को महत्व झल्काउने गर्दछ । हाम्रो शासन व्यवस्था, सामाजिक आर्थिक तथा सा“स्कृतिक क्षेत्रको विकृति एवं विसंगतिलाई बर्षको एक पटक गाईजात्राको बेलामा हास्यव्यङ्ग्य, कार्टुन, झा“की, नृत्य प्रदर्शन गरिन्छ । सजिलै विरोध जनाउन वा चित्त नबुझेको कुरामा टिप्पणी गर्न सधैं नसकिने हुदा“ गाईजात्राको बेला गर्दा सहज हुने गर्दथ्यो । अहिले विभिन्न सञ्चारका माध्यमवाट विरोध जनाउन सकिने अवस्था छ । विरोधलाई रचनात्मक वा सृजनात्मक रुपले जनतासामु ल्याउने अवसर भनेकै गाईजात्रा हो । देशको शासन व्यवस्था, राजनैतिक दलका नेता, प्रशासक, न्यायामुर्ति, सुरक्षाकर्मी, उद्योगी, व्यापारी एवं विभिन्न पेशा व्यवसायका अगुवाहरुको बारेमा टिप्पणी गर्ने अवसर नै गाईजात्रा हो । गाईजात्राको माध्यमबाट व्यङ्गकारहरुले आफ्नो प्रतिभा देखाउने, प्रहसन गर्ने, क्यारीकेचर गरेर मनोञ्जन दिन पनि सकिन्छ । नेपालमा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले ग्यारेण्टी गरे पनि कानुन वनाएर संकुचन वनाउन खोजिएको छ । एक हातले दिएर अर्को हातले खोस्ने काम नहोस भनेर खवरदारी गर्नुपर्ने बेला आएको छ ।

वर्ष दिनमा एक पटक देशको अवस्थाबारे जनताले बुझ्ने मौका गाईजात्रा हो । तर अहिले गठबन्धन सरकार, राजनैतिक दलका नेता, मन्त्री, राष्ट्रसेवक, प्रशासक, सुरक्षाकर्मी, व्यापारी लगायत विभिन्न पेशाका व्यक्तिहरुले गरेको व्यवहारले बर्षभरी नै गाईजात्रा मनाए जस्तै भएको छ । देशको हरेक क्षेत्रको गतिविधि गाईजात्रे पाराले चल्दै आएको हुदा जनताले परिर्वतनको अनुभुति गर्न पाएका छैनन् । देशमा सरकार छ तर जनताले सरकारबाट आहत पाएका छन।गठबन्धन सरकारका कारण प्रशासन कमजोर छ । एउटै दल पनि गुट र उपगुटले ग्रसित भएका छन । सत्ताको खेलमा रमाइरहने नेता र पदको लागि पार्टी, सिद्धान्त, मुल्य मान्यता तिलान्जली दिने संसद कारणदलीया व्यस्थालाई नै काम नलाग्ने होकि भन्ने अवस्थामा नेताहरुले पुऱ्याएका छन । मिलेर बसेकाहरुलाई आपसमा लडाउनेहरु सकृय हुन थालेका छन् । भ्रष्टाचार मौलाएको छ । नेपालको आर्थिक अवस्था कमजोर छ।। आर्थिक अवस्था कमजोर भएको बेला कसरी जनतालाई राहत दिने, आर्थिक गतिविधि चलायमान गराउने र सुरक्षाको प्रत्याभूति दिलाउन छोडेर नेताहरु गाली गलौजमा उत्रिएकछन देश र जनताको हितमा एक हुनुपर्ने बेला आपसमा मनमुटाव देखाएर महागाईजात्रा प्रदर्शन गरेका छन् । व्यङ्गकार, कलाकारले देखाउने गाईजात्रा सिंहदरबारदेखि स्थानीय तहसम्म आईपुगेको छ । हरेक क्षेत्र गाईजात्रे तरिकाले चलेकाले नेपालको अवस्थाले देशको पहिचान पनि हराउने हो कि भन्ने आशंका बढेर गएको छ । देशमा व्याप्त कुशासन, भ्रष्टाचार, अत्याचार, भेदभावको अन्त्य गरी सबै जातजातिको संस्कृतिको संरक्षण र संवद्धन गर्न, सुशासन कायम गर्न, भ्रष्टाचारीलाई कारवाही गर्न र न्यायपूर्ण समाज निर्माण हुन सकेमा साँस्कृतिक पर्वको महत्त्व बढ्नेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मनसुन अवधिमा बाढी, पहिरो र चटयाङबाट ७३ जनाको मृत्य

**रासस**
काठमाडौं, १४ भदौं

मुलुकमा यस वर्ष मनसुन अवधि जेठ ३१ देखि भदौ ८ गतेसम्ममा बाढी, पहिरो र चट्याङबाट ७३ जनाको ज्यान गएको छ । मनसुन अवधिमा एक सय दुई जना घाइते हुनका साथै २० जना बेपत्ता भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलका अनुसार मनसुन अवधिमा मुलुकका एक सय ३५ ठाउँमा बाढी, चार सय २९ ठाउँमा पहिरो तथा ८३ वटा चट्याङका घटना भएका थिए । उक्त विपद्का घटनामध्ये बाढीमा परी १२ जनाको मृत्यु, सात घाइते र २१ बेपत्ता भएका थिए । यस्तै पहिरोमा परी ३८ जनाको मृत्यु, ४० घाइते र नौ बेपत्ता भएको कार्यकारी प्रमुख पोखरेलले बताउनुभयो । भारी वर्षाका कारण दुई जनाको ज्यान गयो भने चट्याङबाट २१ जनाको मृत्यु र ४३ घाइते भए । यस वर्षको बाढी पहिरोबाट ३२६ दशमलव ८३ मेघावाट क्षमताका निर्माणाधीन १७ तथा सञ्चालनमा रहेका १३२ दशमलव ७५ क्षमताका १३ जलविद्युत् आयोजनामा क्षति पूगेको छ । त्यसबाट झण्डै रु आठ अर्ब ५० करोड क्षति पुगेको अनुमान गरिएको छ । मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट देशका २९ राजमार्गका २५० ठाउँमा रु ४० करोड बराबरका भौतिक पूर्वाधारमा क्षति भएको तथ्याङ्क छ । मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट रु १५ अर्बभन्दा बढी भौतिक पूर्वाधारलगायतका सम्पत्तिको क्षति भएको कार्यकारी प्रमुख पोखरेलले बताउनुभयो । मुलुकका विभिन्न स्थानमा चार मोटरेवल पुल र २२ झोलङ्गे पुल बगाउँदा करिब रु ४१ करोडको क्षति हुन पुगेको छ । बाढीपहिरोका घटनाबाट २८ खानेपानी आयोजनामा क्षति हुँदा रु नौ करोड बराबरको नोक्सान भएको प्राधिकरणको अनुमान छ । क्षति पुगेका ती पूर्वाधार तत्काल पुनःस्थापना गर्न रु १० अर्ब ५५ करोडभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको कार्यकारी प्रमुख पोखरेलले बताउनुभयो । यस अवधिमा चट्याङ लागेर ११ स्थानमा, पहिरोबाट सात, पुल क्षतिबाट पाँच र लेदोसहितको पहिरो खस्दा आठ स्थानमा गरी देशका ३१ स्थानमा सडक अवरुद्ध भएका थिए । हाल मुलुकका दुई सय ३१ राजमार्गमध्ये ४८ राजमार्ग एकतर्फीरुपमा सञ्चालनमा रहेको प्राधिकरणले जनाएको छ ।

# विधिपूर्वक मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व

**रासस**
काठमाडौं, १४ भदौं

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवं जनैपूर्णिमा पर्व आज स्नान गरी नयाँ यज्ञोपवीत (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ ।

श्रावण महिनामा गरिने स्नान भएकाले यो पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु बृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो । यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताउनुभयो । मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएका छन् । स्नानपछि जौँ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) फेरिएको छ । आजको दिन सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वमित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले आजको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले नै श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिन्छ । वैदिक गुरु परम्पराअनुसार यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पूजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ । आजका दिन ११ प्रकारका गेडागुडी मिसाई भिजाएर टुसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ ।

# स्याउखेतीमा भविष्य खोज्दै बागलुङका किसान

**डम्मर बुढामगर**
ढोरपाटन, १४ भदौं

एक दशकअघिसम्म बागलुङको ढोरपाटन उपत्यका र निसेलढोरमा मात्रै व्यावसायिकरुपमा स्याउखेती गरिन्थ्यो । परम्परागतरुपमा रैथाने स्याउ उत्पादन गर्दै आएका किसानले अहिले आधुनिक प्रविधिबाट नयाँनयाँ प्रजातिका स्याउ लगाउन थालेका छन् । अहिले ढोरपाटन क्षेत्रमा मात्रै होइन, तल्लो क्षेत्रमा पनि स्याउ खेतीप्रति कृषकको आकर्षण बढेको छ । खासगरी निसेल ढोरको कुँडे, काँग, ढोरपाटनको मस, नवी, भूजीलगायतका ठाउँमा स्याउ उत्पादन गरिँदै आएकामा अहिले निसीखोला, ताराखोला र बडिगाडको माथिल्लो क्षेत्रमा स्याउ खेती गर्न थालिएको छ ।

पछिल्लो पाँच वर्षयता जिल्लाको तल्लो भेगमा स्याउ लगाउने कृषकको संख्या पनि बढ्दै गएको छ । करिब २२ सय मिटरको उचाईदेखि स्याउ उत्पादन हुने हुँदा कृषकको आकर्षण बढेको पाइन्छ । जिल्लामा सबैभन्दा राम्रो स्याउ उत्पादन हुने क्षेत्रका रुपमा निसेलढोर र ढोरपाटन उपत्यका क्षेत्रलाई लिन्छ । यी क्षेत्रेमा दुई दशकभन्दा अगाडिदेखि व्यावसायिक स्याउ उत्पादन हुँदै आएको पाइन्छ । पछिल्लो समय ताराखोला गाउँपालिका र निसीखोला गाउँपालिकाको उच्च क्षेत्रमा स्याउ खेती विस्तार गरिएको छ । ताराखोला गाउँपालिका-५ ठूलो हिलेमा १ सय ८० वटा स्याउको बिरुवा लगाइएको छ । बिरुवा लगाएको दुई वर्षमै फल्ने हुँदा कृषक यस खेतीतर्फ आकर्षित भएका हुन् ।

गाउँपालिकाको ५ नम्बर वडामा उन्नत प्रजातिको गोल्डेन, गाला, रोटा र फुजी प्रजातिको स्याउ लगाइएको गाउँपालिकाका सायक पशु चिकित्सक प्रमुख चिन्तामणि शर्माले जानकारी दिनुभयो । यस वर्ष पनि गाउँपालिकाले आठ सय स्याउका बिरुवा खरिद गरी किसानलाई वितरण गरेको बताउनुभयो । अघिल्लो वर्ष ताराखोला गाउँपालिकाले कृषि विकास निर्देशनालय गण्डकी प्रदेशबाट उन्नत जातका स्याउका बिरुवा लिएर कृषकलाई दिएको भन्दै ती बिरुवा सप्रिदै गएको उहाँको भनाइ छ । उन्त जातका स्याउका बिरुवालाई सरसफाई गर्न, बगैंचामा विषादी व्यावस्थापन र कलमी गर्न सजिलो हुने भएकाले किसानले खेती गर्न चासो देखाएको शर्मा बताउनुहुन्छ । अघिल्ला वर्षहरुमा १४ रोपनी क्षेत्रमा स्याउ खेती भएको भन्दै यस वर्षदेखि एक रोपनीमै चारदेखि पाँच हजार बिरुवा लगाउन मिल्ने खालको स्याउका बिरुवा विस्तार गर्ने योजना रहेको उहाँ बताउनुहुन्छ । निसीखोला गाउँपालिका-५ मा पनि गाउँपालिकाले स्याउ खेती विस्तार गरेको छ । सिप, भल्कोट लगायका क्षेत्रमा स्थानीयले वर्षौं अगाडि स्याउ लगाए पनि उत्पादन गर्न सकेका थिएनन् । प्राविधिक ज्ञान बिना लगाइएका स्याउका बोटले फल नदिएपछि चिन्तित बनेका यहाँका कृषक गाउँपालिकाले माटो परीक्षण गरी नयाँ जातको स्याउका बिरुवा दिएपछि उत्साहित भएका छन् । भौगोलिक वनावट, हावापानी र स्थानीयवासीको मागअनुसार निसीखोलाको माथिल्लो क्षेत्रमा स्याउ खेती विस्तार गर्न थालेको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले बताउनुभयो ।

यस वर्ष वडा नम्बर ५ र ६ मा ४५० स्याउका बिरुवा लगाएको अध्यक्ष घर्ती मगर बताउनुहुन्छ । गाउँपालिकाले गत आर्थिक वर्षमा विनियोजन गरेको सात लाख रुपैयाँबाट स्याउ खेती विस्तार गर्न थालेको उहाँको भनाइ छ । निसेलढोर बाहेक जाउलेपानी, मापुक, चोरबास र कोस्काँ क्षेत्रमा स्याउ लगाइएको छ । "बागलुङ जिल्लामा स्याउ फल्ने ठाउँका रुपमा निसेलढोर र उत्तरगङ्गा ढोरपाटनलाई चिनिदै आएको छ, हामीले अहिले तल्लो क्षेत्रमा पनि स्याउ उत्पादन गर्ने गरि किसानलाई बिरुवा दिएका छौँ, यहाँका किसानले स्याउ लगाएको स्थान उच्च पहाडी क्षेत्र पर्छ," कृषि प्राविधिकहरुको टोलीले माटो परीक्षण गरेर उन्नतजातका स्याउका बिरुवा लिएर लगाइएको छ, यी बिरुवाले एक/दुई वर्षमै उत्पादन दिन्छन् भन्ने छ, यसले कृषिकलाई उत्पादन गर्नेतर्फ आकर्षित गर्ने र आयआर्जनसँग जोड्ने छ ।"

निसीखोला गाउँपालिकामा दर्ता भएका कृषि फर्म तथा समूहलाई स्याउका बिरुवा प्रदान गरेको उहाँले बताउनुभयो । वडा नं ५ र ६ का ४५ समूहलाई चार सय ५० स्याउका बिरुवा दिएको उहाँ बताउनुहुन्छ । पाल्पामा उत्पादन गरिँदै आएको स्याउको बिरुवा खरिद गरी यहाँका कृषकलाई वितरण गरेको हो । निसीखोलामा दुई हजारदेखि चार हजार उचाईसम्म स्याउका बिरुवा लगाइने उहाँको भनाइ छ । निसेलढोर चार हजार मिटरभन्दा बढीको उचाइमा छ भने, सिप, चोरबास, कोस्काँ लगायतका क्षेत्र भने २८ सय आसपासको उचाइमा पर्छन् । निसीखोला गाउँपालिका-२ अर्नाकोटमा पनि अघिल्लो वर्षदेखि व्यावसायिक स्याउ खेती सुरु भएको छ । स्थानीय दुर्गाबहादुर ओलीले अघिल्लो वर्ष पोखराबाट इटिलियन गाला फुजी जातको २२ वटा स्याउका बिरुवा लिएर लगाएको बिरुवाले अहिले फल दिएको छ । परीक्षणका रुपमा लगाएको स्याउले एकै वर्षमा फल दिन थालेपछि उहाँ उत्साहित हुनु भएको छ । ओलीले यस वर्ष थप २७ वटा बिरुवा लगाउनु भएको छ । सुरुमाल लगाएका बाइस बिरुवामध्ये दुई वटा मरेको भन्दै अहिले २० वटा बोटमा स्याउ फलेको उहाँ बताउनुहुन्छ । स्याउले सानै बोटमा फल दिन थालेपछि गाउँका अन्य कृषक पनि हर्षित भएका छन् । ओलीले स्याउका बिरुवा लगाएपछि अर्नाकोटका अन्य १२ जना कृषकले पनि बिरुवा लिएर लगाएको बताउनुभयो । वर्षौंदेखि गाईभैंसी र खेती किसानी गर्दै आएका किसान अहिले स्याउ खेती गर्नेतर्फ ध्यान दिएको उहाँको भनाइ छ । हाल उहाँको बगानमा २७ नयाँ बिरुवा र पोहोर साल लगाएका २० गरी ४७ स्याउका बोट रहेको उहाँले बताउनुभयो । दुई हजारदेखि तीन हजार मिटरसम्मको उचाइमा गाला फुजी जातको स्याउ राम्रो उत्पादन जानकारी पाएपछि ओलीले परीक्षणका लागि स्याउ लगाएको बताउनुहुन्छ । परीक्षणका लागि लगाएको स्याउले एकै वर्षमा फल दिएपछि थप उत्साहित भएको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "अर्नाकोट क्षेत्रमा स्याउ लगाउने चाहना पहिलेदेखि नै थियो तर विभिन्न कारणले गर्दा लगाउन पाएको थिएन, पोहोर साल ल्याएर लगाएको अहिले फलेको छ, यहाँ यति राम्रो स्याउ होला भन्ने मैले सोचेको थिएन । यस ठाउँमा पानीको समस्या भएकाले सिँचाइको कारण बिरुवा बचाउन सकिन्न कि भन्ने उहाँलाई निकै डर थियो तर यसमा धेरै सिँचाइ गर्नुपर्ने नपर्ने हुँदा उहाँमा चिन्ता रहेन । अब उहाँलाई व्यावसायिकरुपमा धेरै स्याउ उत्पादन गर्ने उत्साह बढेको छ ।

स्थानीय चेतबहादुर कुँवरले पनि दुई वर्ष अगाडि २७ वटा बिरुवा लगाउनु भएको थियो । अहिले सबैले बिरुवामा स्याउ फलेका छन् । कुँवरले लगाएकै सालमा फूल फूल्ने र अर्को सालदेखि फल दिने भनिए पनि सुरुकै वर्षमा फल दिन थालेको बताउनुभयो । स्याउ खेती व्यवस्थित गर्नका लागि गाउँलेलाई नै यसतर्फ आकर्षित गर्न थालेको उहाँको भनाइ छ । आफूले स्याउ लगाएको क्षेत्र अलि बढी सुख्खा भएको हुँदा स्याउका पोथीभन्दा भाले जातका बिरुवा जोगाउन समस्या भएको भन्दै अहिले समाधान हुँदै गएको उहाँ बताउनुहुन्छ । गाउँमा पछिल्लो समय सयौं रोपनी जग्गा खाली हुँदै गएको र यी जग्गालाई सदुपयो गरी स्याउ खती गर्ने योजना रहेको उहाँको भनाइ छ । एउटा व्यक्तिले मात्रै बाँझो जमिन सदुपयोग गर्न नसक्ने हुँदा यसका लागि गाउँले नै सक्रिय हुनु पर्ने कुँवर बताउनुहुन्छ । गाउँमा अघिल्लो वर्षसम्म कसैले पनि स्याउ लगाउने सोच नबनाएको सुनाउँदै अहिले धेरैले बिरुवा खोज्न थालेको उहाँले बताउनुभयो । यस वर्ष गाउँमा स्याउका बिरुवा लगाउनेको संख्या बढेको उहाँ बताउनुहुन्छ । "हामी सानो-सानो हुँदा ढोरपाटन पुगेर स्याउ खाने गरिन्थ्यो, पहिले त अहिलेको जस्तो बजारमा विदेशी स्याउ पनि आउँदैनथे, अहिले त जता पनि छ्याप्छ्याप्ती पाइन्छन्, हामीले पनि गाउँमा स्याउ लगायौँ, हाम्रो गाउँ स्याउ फल्ला भन्ने कल्पना पनि थिएन, अहिले चकित पार्ने गरी सानै बोटमा फल्यो, स्याउ फलेपछि गाउँका धेरैलाई आश्चर्य बनाएको छ," उहाँले भन्नुभयो, "यो ठाउँ खानेपानीको अभाव भएको ठाउँ हो, वर्षौंदेखि खानेपानी अभावमा गुज्रिएका हामीहरुलाई स्याउ उत्पादन हुने लक्षण देखिएपछि नयाँ आश पलाएको छ, यहाँको मुख्य समस्या पानी हो, उत्पादनका हिसाबले यहाँ स्याउलगायत धेरै फलफूल तथा तरकारी फलाउन सकिन्छ ।"

कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी कुमार पुनमगरले जिल्लामा स्याउ खेती विस्तारका लागि ज्ञान केन्द्रबाट कृषकलाई प्रोत्साहन गरेको र उन्नत जातका स्याउका बिरुवासमेत वितरण गर्दै आएको बताउनुभयो । स्याउ खेतीप्रति किसानले चासो देखाएपछि ज्ञान केन्द्रले यस वर्ष २५ सय बढी बिरुवा वितरण गरेको छ । उहाँका अनुसार हाल बागलुङमा ८० हेक्टर क्षेत्रफलमा स्याउ खेती हुँदै आएको छ । यसमध्ये ५५ हेक्टरमा लगाइएका स्याउका बोटले उत्पादन दिएको उहाँ बताउनुहुन्छ । जिल्लाको माथिल्लो क्षेत्रमा स्याउ खेतीका लागि हावापानी उपयुक्त भएकाले हरेक वर्ष जिल्लामा खेती गर्ने किसानको सङ्ख्या पनि बढ्दो छ । यस वर्ष अघिल्लो वर्षको तुलनामा स्याउ उत्पादन बढ्ने किसानहरुले आशा गरेका छन् ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०५/१०

यस कार्यालयमा मिति २०७७/१२/२४ मा कास्की जिल्ला पोखरा१३ कास्कीमा संचालन गर्ने गरि टुकुचा ०२ काभ्रे निवासी चन्दा सार्कीको नाममा दर्ता भएको फर्म दर्ता नं. १९८९०/०७७/०७८ (५७८) को र कसम एण्ड कविर लेडिज टेलर्स नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०५/१० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# एसिया कप क्रिकेट : नेपाललाई विश्वका क्रिकेट प्रेमीमाझ चिनिने अवसर

**धर्मेन्द्र झा**
रासस, १४ भदौं

कूल स्कोर २५ रन छँदा दुवै ओपनर आउट भएपछि बुधबार मुल्तान रङ्गशालामा पाकिस्तानी क्रिकेट टोलीका समर्थकबीच सन्नाटा छायो । यसअघि यही मैदानमा दशमध्ये सात खेलमा घरेलु टोलीको विजय देखिसकेका स्थानीय दर्शक पाकिस्तानको फितलो प्रदर्शन कदापि हेर्न चाहँदैनथे । अझ त्यसमा पनि क्रिकेटमा भर्खर उदाउँदै गरेको नेपालसित । तर नेपाली टोली पाकिस्तानी दर्शकले सोचेजस्तो कमजोर पनि थिएन । पाकिस्तानविरुद्धको उद्घाटन खेलमा नेपालले सुरुआतमै दुई विकेट हात पारेपछि त्यही रङ्गशालामा रहेका नेपाली समर्थक भने निकै उत्साहित देखिन्थे ।

नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले मङ्गलबार भनेका थिए- "हामी पाकिस्तानभन्दा अनुभवबाहेक कुनै अर्थमा कम छैनौं । भयो पनि त्यस्तै, पाकिस्तानको मुल्तानमा बुधबारदेखि सुरु भएको एसिया कपअन्तर्गत उद्घाटन खेल नेपालले पाकिस्तानसँग अनुभवकै कारण गुमाउन बाध्य हुनुपर्यो । आफ्नो पक्षमा खेलको परिणाम आउन नसके पनि नेपाली खेलाडीको प्रदर्शनबाट भने विश्वका सम्पूर्ण क्रिकेट प्रेमीको ध्यान नेपालतर्फ तानिएको छ । सायद नेपालको विजय यही नै हो ।

साहित्यकार, कलाकार तथा क्रिकेट प्रशंसक रमेश रञ्जनको प्रतिक्रिया छ- "बुधबार पाकिस्तानसितको खेल प्रदर्शनपछि नेपाली खेलाडी विश्वमा फरक ढङ्गले चिनिने अवसरको निर्माण भएको छ", उनको भनाइ छ, "खेलमा जित र हार सामान्य प्रक्रिया हो । मूल कुरा हो समर्पण र कौशल, त्यो भने नेपालले सम्पूर्ण विश्वलाई देखाउन सफल भएको छ ।"

टस जितेर पहिला ब्याटिङ रोजेको पाकिस्तानको सुरुआत राम्रो थिएन । प्रारम्भमै चार विकेट गुमाउन पुगेको पाकिस्तानले सायद नेपालबाट यो अपेक्षा गरेको थिएन । त्यसो त खेल सुरु हुनुभन्दा पहिले, विश्वको पहिलो वरियतामा रहेको क्रिकेट टोलीका कप्तान बाबर आजम जो स्वयं पनि खेलाडीको विश्व वरियतामा पहिलो स्थानमा छन्, उनले नेपाललाई कम आँक्न नहुने प्रारम्भिक प्रतिक्रिया दिएका थिए । तर स्कोर बोर्डमा ३० ओभरमा एक सय ३० रन र चार विकेटको क्षति देखिएला भन्ने पाकिस्तानी कप्तान आजमको अनुमान सायदै पनि थिएन । आफ्नो पहिलो वरियता कायमै राख्नुपर्ने कप्तानको दायित्वबोधले हुनसक्छ आजमलाई उत्प्रेरित गर्‍यो । उनले झर्दै गएको पाकिस्तानी विकेटको क्रमलाई रोके र अन्ततः पाकिस्तानलाई निकै फराकिलो विजय दिलाए । पूरै ५० ओभर खेलेर ६ विकेटको क्षतिमा विजयका लागि तीन सय ४३ रनको लक्ष्य प्रस्तुत गरेको पाकिस्तानका वलरको धारिलो प्रहारका कारण नै नेपालले निर्धारित सम्पूर्ण ओभरसम्म आफूलाई टिकाउन सकेन । र नेपाल २३ ओभर चार बलमा कूल एक सय चार रनमा सीमित रहन पुग्यो । क्रिकेटका पूर्वराष्ट्रिय खेलाडी अनिलनाथ ढुङ्गाना भन्छन्- "नेपाली खेलाडीले प्राप्त अनेकौं अवसरको लाभ लिन सकेनन् । केही क्याच छुटे भने केही खराब फिल्डिङका कारण स्कोर बोर्डमा पाकिस्तानको पक्षमा रनको सङ्ख्या थपिँदै गयो", ढुङ्गानाको भनाइ छ, "प्रारम्भमा नेपालले महत्वपूर्ण सुरुआत गरेर आश जगाए पनि पछिल्ला ओभरमा संयम गुमाएकोजस्तो देखियो । तर यस खेलबाट नेपालले धेरैकुरा सिकेको हुनुपर्छ । अनुभव सँगालेको हुनुपर्छ । अब आगामी खेलमा यही अनुभव र सिकाइलाई प्रयोग गर्न सक्नुपर्छ ।"

नेपालका लागि पहिलो विकेट करण केसीले लिँदा उनी सामाजिक सञ्जालमा छाएका थिए । उनले छैटौं ओभरको तेस्रो बलमा फखर जमानको विकेट लिए । त्यतिबेला पाकिस्तानको कूल स्कोर मात्र २१ रन थियो । पाकिस्तानले लगत्तै इमाम उल हकका रुपमा दोस्रो विकेट गुमायो । सातौं ओभरमा सोमपाल कामीले बलिङ गरिरहेका बेला उनलाई कप्तान पौडेलले रन आउट गरे । पाकिस्तानले २३ दशमलव चार ओभरमा मोहमद रिजवानलाई तेस्रो विकेटको रुपमा गुमायो । उनलाई सन्दीप लामिछानेको बलमा दीपेन्द्रसिंह ऐरीले रन आउट गराएका थिए । एसिया कपअन्तर्गतको पहिलो खेलमै स्टम्पमाथिको दुईवटा जोडदार प्रहार (रन आउट) नेपालले देखाएको उत्कृष्ट प्रदर्शन नै एक सशक्त नमूना थियो । तर दुःखद्, उत्कृष्टताको यो क्रम खेलको पूरै अवधिभरि रहन सकेन । जुन कुशलताका आधारमा स्टम्पमा प्रहार गरेर नेपालले दुईवटा विकेटको सफलता पाएको थियो, पछिल्ला ओभरमा नेपाली खेलाडीबाट फिल्डिङका सन्दर्भमा त्यस्तो कुशल प्रदर्शन भइरहन सकेन । पाकिस्तानले २८औं ओभरको पाँचौं बलमा आगा सलमानका रुपमा चौथो विकेट गुमायो । उनलाई सन्दीप लामिछानेले कुशल भुर्तेलद्वारा क्याच आउट गराएका थिए । पाकिस्तानविरुद्ध नेपालले जित पनि निकाल्न सक्छ की भन्ने सम्भावनातर्फ नेपाली क्रिकेटका प्रशंसक सोच्न थालिसकेका थिए । तर नेपाली क्रिकेट प्रेमीको सपना पाकिस्तानी कप्तान बाबर र इफ्तिखार अहमदले चकनाचुर पारिदिए । दुवै खेलाडीले नेपालविरुद्ध शतक प्रहार गरे । बाबरले आफ्नो उत्कृष्ट खेल प्रदर्शन जारी राखे । एक सय तीन एकदिवसीय खेल खेलेका २८ वर्षीय कप्तान बाबरले बुधबार एक सय ३१ बल खेल्ने क्रममा चार छक्का र १४ चौकाको मद्दतमा एक सय ५१ रन बनाए । नेपालविरुद्धको शतकसँगै बाबरले हालसम्म पाँच हजार दुई सयभन्दा बढी रन बनाइसकेका छन् । यस अवधिमा उनले पाकिस्तानका लागि २८ अर्द्धशतकसमेत प्रहार गरिसकेका छन् । अनुभवको कमी देखिएको नेपाली टोलीको कमजोर फिल्डिङका कारण बाबरले दुईवटा जीननदान पाए । बाबरले पाकिस्तानलाई त विजयी बनाए नै आफ्नो व्यक्तिगत कीर्तिमानी तथ्याङ्कमा पनि सुधार गरे । १९औं शतक, तेस्रो सबैभन्दा ठूलो रन र पाँचौं विकेटका लागि इफ्तिखारसँगको ठूलो साझेदारी । बाबर र इफ्तिखारले पाँचौं विकेटका लागि दुई सय १४ रनको साझेदारी निभाएका थिए । यही नै पाकिस्तानका लागि जितको बलियो आधार बन्यो । अर्कोतर्फ इफ्तिखारको पक्षमा पनि कीर्तिमान बन्यो-खेल जीवनकै पहिलो शतक । यस्तै पाकिस्तानका लागि मोहमद रिजवानले ४४ र फखर जमानले १४ रन बनाए । २८ ओभरसम्म संयमित भएर खेलेको नेपाल त्यसपछि भने खराब प्रदर्शन गर्न पुग्यो । नेपालले कमजोर बलिङ र फिल्डिङ गरेकै कारण पाकिस्तानले विशाल स्कोर बनाउन सकेको हो । बाबर वा इफ्तिखारमध्ये कुनै एकको पनि विकेट समयमै लिन सकेको भए नेपालले धेरै ठूलो रनको चुनौती पछ्याउनुपर्ने थिएन । बलिङ र फिल्डिङ मात्र होइन नेपालले ब्याटिङतर्फ पनि आफ्नो विगतको खेल प्रदर्शनलाई कायम गर्न सकेन । नेपालले पहिलो ओभरमै दुई विकेट गुमाउन पुग्यो । पाकिस्तानका लागि दुवै विकेट शाहीन शाह अफ्रिदीले लिए । उनले कुशल भुर्तेल र कप्तान पौडेलको विकेट लिए । भुर्तेलले चार बल खेल्दै दुई चौका हिर्काउँदै आठ रन बनाए । यस्तै पौडेल बिना रन बनाइकन आउट भए । यस्तै नेपालले तेस्रो विकेटका रुपमा दोस्रो ओभरको चौथो बलमा आशिफ शेखलाई गुमायो । उनलाई नशिम शाहले आउट गरे । क्रिकेट समीक्षकहरूका अनुसार नेपालले गल्तीबाट सिक्ने चेष्टा गरेन । फिल्डिङ त प्रभावकारी रहेन नै, बलिङ पनि परिणाममुखी हुन सकेन । त्यस्तै ब्याटिङक्रम पनि चल्न सकेको देखिएन । सोमपाल कामी (२८), आरिफ शेष (२६) र गुलसन झा (१३) बाहेक कसैले पनि दोहोरो अङ्कमा स्कोर बोर्डमा योगदान पुर्‍याउन सकेनन् । एसोसिएट राष्ट्रको हैसियतबाट पहिलोपटक खुड्किला उक्लिएको नेपालले एकै पटक भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश र अफगानिस्तानजस्ता टेस्ट क्रिकेटमा राम्रो अनुभव सँगालिसकेका देशसँग खेल्न पाउनु अत्यन्तै महत्वपूर्ण उपलब्धि हो । यस आधारमा नेपालको पाकिस्तानसँगको पराजय धेरै बढी अनपेक्षित र अस्वभाविक होइन । तर यति धेरै अन्तरले पराजय बेहोर्नुपर्ने स्थिति पनि होइन् । क्रिकेट समीक्षक विश्वमणि दाहाल भन्छन्- "नेपाल सायद मनोवैज्ञानिक रुपमा पो कमजोर भयो कि ? सीप र क्षमताका आधारमा नेपाललाई कमजोर टोली मान्न सकिन्न ।"

नेपाली खोलाडीमा उत्साह त थियो तर त्यस उत्साहका भरमा आफ्नो पक्षमा परिणाम रुपान्तरण गर्न आवश्यक पर्ने अनुभवको कमी थियो । र यही अनुभवजन्य सीपमा नेपालपछि पर्दा पाकिस्तान विजयी भएको क्रिकेटका विश्लेषक बताउँछन् । नेपालले सन् २००२ मा भएको आइसीसी यु-१९ वर्ल्डकपमा पाकिस्तानलाई पराजित गरेको थियो । नेपालले उक्त खेलमा पाकिस्तानलाई ३० रनले हराएको थियो । नेपालले त्यो बेला पाकिस्तानलाई हराएर विश्वमै सनसनी मच्चाएको थियो । त्यो खेललाई नेपाल र पाकिस्तानका खेलाडी सम्झिरहेका थिए । त्यसलै मङ्गलबार सञ्चारमाध्यममा प्रतिक्रिया दिँदै पाकिस्तानका कप्तान बाबरले नेपालसितको खेललाई सहजरुपमा नलिने बताएका थिए ।

नेपालको विगतको प्रदर्शन सम्झँदै कप्तान पौडेलले पनि पाकिस्तानविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्ने बताएका थिए । तर खेल हो, जहाँ सधैं जितैजित मात्र पनि हुँदैन । सधैं पराजय मात्र पनि भोगिँदैन । अब नेपाल पाकिस्तानसितको खराब प्रदर्शनलाई बिर्सिंदै भारतसितको खेलमा फेरि लयमा फर्किने योजनाका साथ मैदानमा उत्रिन चाहन्छ । र पक्कै पनि नेपाली टोली आफ्ना प्रशंसकलाई निराश बनाउन चाहँदैन । क्रिकेटमा नेपालका तीनवटा सपना छन् । एउटा एसिया कप क्रिकेट, दोस्रो विश्वकप क्रिकेट प्रतियोगिता तथा तेस्रो टेष्ट राष्ट्रका रुपमा मान्यता प्राप्त गर्नु । बुधबार पाकिस्तानसित खेलेर नेपालले एसिया कप खेल्ने सपना पूरा गरेको छ । अब बाँकी दुई सपना पूरा गर्नबाट पनि नेपाल टाढा छैन । निकट भविष्यमै नेपाल ती दुवै लक्ष्य पूरा गर्ने बाटोमा अग्रसर भएर लागेको छ । भनिन्छ, लक्ष्य पछ्याउँदै गए एक न एक दिन पक्कै पूरा हुन्छ ।



गाईजात्रा-पोखरा : गाईजात्राको अवसरमा बिहीबार पोखरामा आफ्ना दिवंगत परिवारको सम्झनामा गाईको भेष बनाई नगरपरिक्रमा गरिँदै । तस्बिर : ऋषिराम बराल/रासस

# सगरमाथामा प्याराग्लाइडिङ गरेका चिनियाँ नागरिकलाई सम्मान

**रासस**
काठमाडौं, १४ भदौं

विश्वको सर्वोच्च शिखर सगरमाथाको आठ हजार मिटर उचाइबाट प्याराग्लाइडिङ गरेका चिनियाँ नागरिक ली सानटाओलाई सम्मान गरिएको छ । बाबु एडभेन्चर प्याराग्लाइडिङ, सेभेन समिट ट्रेक्स प्रालि र नेपाल विग माउण्टेन ट्राभस कम्पनीले उहाँलाई बुधबार सम्मान गरेको हो ।

चिनियाँ नागरिकले सानटाओले गत मे १८ तारिखमा सगरमाथाको आठ हजार मिटर उचाइदेखि बेस क्याम्पसम्म प्याराग्लाइडिङ गर्नुभएको थियो । सम्मान कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले नेपालमा हिमालको शिरबाट प्याराग्लाइडिङ गरिनु पर्यटन क्षेत्रका लागि नयाँ सम्भावना भएको बताउनुभयो ।

"नेपाल पर्यटन क्षेत्रको अथाह सम्भावना भएको मुलुक हो, हामीसँग भएको पर्यटकीय क्षेत्रलाई विश्वमाझ पुर्‍याएर यस क्षेत्रबाट विदेशी मुद्रा आर्जनमा लाग्नुपर्छ", उहाँले भन्नुभयो । नेपालले प्याराग्लाइडिङ क्षेत्रलाई अगाडि बढाउनका लागि विद्यालय नै सञ्चालन गरेर शिक्षा प्रदान गर्दै आइरहेको उहाँको भनाइ थियो ।

प्याराग्लाइडिङ आरोही चिनियाँ नागरिक ली सानटाओले आफूले पहिलोपटक सन् २०१५ मा पोखरामा प्याराग्लाइडिङ गरेको स्मरण गर्दै सोही समयदेखि नै सगरमाथामा प्याराग्लाइडिङ गर्ने सपना बुनेको बताउनुभयो । "मैले सन् २०१५ मा पोखरामा प्याराग्लाइडिङ गरेपछिसन् २०१६ मा प्याराग्लाइडिङ कोर्ष पढेर क्रमशः पाँच हजार, छ हजार र सात हजार मिटर अग्ला चीनका हिमालमा प्याराग्लाइडिङ गरैं, त्यसपछि सगरमाथामा प्याराग्लाइडिङ गर्ने इच्छा जाग्यो र सगरमाथाबाट प्याराग्लाइडिङ गरैं", उहाँले भन्नुभयो । वरिष्ठ पर्यटन व्यवसायी कर्ण शाक्यले पर्यटन क्षेत्रमा नयाँ कुरा बिक्री गर्नसके देशको विकासमा पर्यटनले ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

"पर्यटनको हिसाबले विश्वको उत्कृष्ट मुलुक नेपाल हो, नेपालको पर्यटन रहेन भने विश्वको पर्यटन रहन सक्दैन", उहाँले भन्नुभयो । सेभेन समिट ट्रेक्स प्रालिका सञ्चालक एवं वरिष्ठ पर्यटन व्यवसायी मिङ्मा शेर्पाले नेपालका हिमाल प्याराग्लाइडिङ गर्ने खालका रहेकाले यसलाई सरकारले अगाडि बढाउनुपर्ने बताउनुभयो । कोरोनापछि नेपालको पर्यटन क्षेत्र लयमा फर्किन थालेको उहाँको भनाइ थियो ।

त्यसअघि बुधबार दिउँसो संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सगरमाथाबाट प्याराग्लाइडिङ गरेका चिनियाँ नागरिक ली सानटाओलाई मन्त्रालयमा सम्मान गर्नुभएको थियो ।

# पठन संस्कृति जगाउँदै राणाकालीन विद्यामन्दिर पुस्तकालय

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ भदौं

धौलागिरिको जेठो सामुदायिक पुस्तकालय 'विद्यामन्दिर पुस्तकालय' स्थापना भएको ७७ वर्ष पूरा भएको छ । राणाकालीन समयमा ओमप्रसाद गौचन र मेघकुमार वैद्यले गोरखपुरबाट पुस्तक खरिद गरेर सो पुस्तकालय स्थापना गर्नुभएको थियो ।

सत्र हजार भन्दा बढी पुस्तक सङ्ग्रहित रहेको पुस्तकालयको अहिलेको चुनौती भनेको आम पाठकको अभिरुचि नै हो । कुनै दिन पाठकले भरिभराउ हुने उक्त पुस्तकालयमा अहिले मुस्किलले दुई दर्जन पाठक पुग्ने गरेका छन् । पछिल्लो पुस्तामा पठन संस्कृतिको विकास नहुनु र डिजिटिल माध्यममा विद्यार्थीले समय व्यतित गर्दा सामुदायिक पुस्तकालयमा विद्यार्थीको आकर्षण घटिरहेको जनाइएको छ । पछिल्लो समय सामुदायिक पुस्तकालय धरासायी भइरहेको सन्दर्भमा यहाँको राणाकालीन पुस्तकालय भने पठन संस्कृति जगाउन प्रयासरत देखिन्छ ।

यसका लागि पुस्तकालयले आफूलाई परिमार्जन गर्दै प्रविधिमैत्री हुने, पठन संस्कृतिको विकास गराउने रचनात्मक क्रियाकलाप जस्ता रोचक कार्यक्रममा सक्रिय देखिएको छ । पुस्तकालयले विद्यार्थीलाई पुस्तकालयमा पठन सस्कृतिप्रति अभिरुचि जगाउन एक पछि अर्को अभियान चाल्दै आएको हो । पुस्तकको महत्व बढाउँदै पठन संस्कृतिको विकास गर्नका लागि विद्यार्थी लक्षित कार्यक्रम चलाइरहेको विद्यामन्दिर पुस्तकालयका अध्यक्ष राम थापाले बताउनुभयो । एक महिना अधिमात्रै 'बाजेबज्यैको कथा मेरो सचित्र' कार्यक्रममार्फत विद्यार्थी लक्षित कार्यक्रम गरेको पुस्तकालयले अहिले 'पुस्तौंपुस्तका लागि पुस्तकालय', 'ज्ञानका लागि पुस्तकालय', 'किन पढ्ने पुस्तक' र पुस्तकालय अब इतिहास कि आवश्यकता लगायतका विभिन्न शीर्षकमा कार्यक्रम तथा बहस गरिएको उहाँले जानकारी दिनुभयो ।

"चार/पाँचवर्ष पहिलासम्म दैनिक सय/दुई सयको हाराहारीमा पाठक पुस्तकालय आउथे, अहिले पाठक घटेका छन्, हुनत पुस्तक किनेर घरमै पढ्ने चलन आइसक्यो कम्प्युटरमा अनलाइन पुस्तकसमेत पढ्न पाइने व्यवस्था पुस्तकालयमा छ" उहाँले भन्नुभयो "पठन संस्कृतिको विकास गर्न विद्यालयका विद्यार्थीलाई पुस्तकालयमा आमन्त्रण गर्ने, अध्ययन अवलोकन भ्रमण गराउने, हस्तलिखित पुस्तकसमेत देखाउने गरेका छौं, ऐतिहासिक दस्तावेजसमेत भएको यस पुस्तकालयमा धेरै पुस्तक अन्यत्र पाइदैनन्, हामीले पाठक आकर्षण गर्नका लागि रचनात्मक काम गर्दै आएका हौं ।" १६औं राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारेर विद्यामन्दिर पुस्तकालयले पुस्तकालय र पुस्तकको महत्वको विषयमा वक्तृत्वकला समेत आयोजना गरेको छ ।

यस्तै उपन्यासकार तथा लेखक गणेश पौडेलसँग 'पुस्तक किन पढ्ने' भन्ने विषयमा संवाद गरिएको छ भने वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठ र पत्रकार मुकेशचन्द्र राजभण्डारीसँग पुस्तकालय अब आवश्यकता कि इतिहास भन्ने विषयमा अन्तरसंवाद गरिएको हो । उक्त अन्तर संवादमासमेत पुस्तकप्रेमी र विभिन्न विद्यालयका विद्यार्थीलाई सहभागी गराइएको थियो । अन्तर संवादमा 'पैतला' उपन्यासका लेखक पौडेलले विद्यालयको कितावसँगै अतिरिक्त समयमा पुस्तकालयका किताब पढ्न आवश्यक रहेको बताउनुभयो । उहाँले अध्ययन बिना कुनै विज्ञता हासिल गर्न नसकिने भन्दै अध्ययनको दायरा फराकिलो बनाउन पुस्तक पढ्न आवश्यक रहेको बताउनुभयो । "१० कक्षासम्म अध्ययन गरेका विद्यार्थीले कम्तीमा १० पाठ्यक्रम बाहिरका पुस्तक अध्ययन गर्न आवश्यक हुन्छ, पठन संस्कृति नहुँदा सामाजिक सञ्जालमा समय बिताउने परिपाटीले हामीलाई सही स्थानमा लादैन नत गन्तव्यमै पुर्‍याउछ" उहाँले भन्नुभयो "अध्ययनको सिमा साँघुरो भएको छ अहिले अध्ययनलाई बढाउन सके मात्रै सबैभन्दा अब्बल भइन्छ, विद्यार्थीले कम्तीमा वर्षको एउटा अतिरिक्त पुस्तक भए पनि पढ्न आवश्यक छ ।"

पत्रकार राजभण्डारीले पुस्तकालयले पाठक खोज्नुपर्ने अवस्था आउनु चिन्ताको विषय भएको जनाउँदै पुस्तकालयले नयाँ र पुरानो पुस्तालाई जोड्न प्रविधिलाई समेत जोड्नुपर्ने बताउनुभयो । "राणाशासनमा गोराखपुरबाट खच्चडमा बोकाएर खोलामा डुङ्गा तारेर पुस्तक ल्याएर स्थापना गरेको विद्यामन्दिर पुस्तकालयको ऐतिहासिक महत्व रहेको, हस्तलिखित पुस्तक सङ्ग्रह गरिएको र धौलागिरिका लेखकद्वारा लेखिएको पुस्तककोसमेत सङ्ग्रह गरिएको पुस्तकालय अध्ययनशील र पाठकप्रेमीका लागि निकै लाभनीय हुनेछ" उहाँले भन्नुभयो "पहिला पुस्तकालय खोज्दै पाठक आउथे अहिले विद्यामन्दिर पुस्तकालय पाठकको खोजीमा कहिले विद्यालय पुगेको छ भने कहिले पठन संस्कृतिको विकासका लागि रचनात्मक काम गर्दै आएको छ ।"

# उन्नाइस रोपनी जमिनमा सयपत्री फूल

**रासस**
दमौली, १४ भदौं

तनहुँको आँबुखैरेनी गाउँपालिकामा पहिलो पटक सयपत्री फूलखेती सुरु गरिएको छ । उक्त गाउँपालिकाको दुई ठाउँमा पहिलो पटक सयपत्री फूलखेती सुरु गरिएको हो ।

गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रमअन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री फूलखेती कार्यक्रमलाई अगाडि बढाएको हो । घरायसी काममा व्यस्त रहँदै आएका महिलालाई आयआर्जनमा जोड्न यो कार्यक्रम ल्याइएको गाउँपालिकाले जनाएको छ । वडा नं१स्थित यान्चोक आमा समूहमार्फत् १२ रोपनी र आँधीमूल आमा समूहमार्फत् सात रोपनी जमिनमा सयपत्री फूलखेती सुरु गरिएको छ । त्यसका लागि फूलको बिरुवा सहयोगस्वरुप उपलब्ध गराइएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दुवै ठाउँमा बिरुवा रोपेको २० दिन भयो, ९० दिनमा फूल फूलेर एक सय २० दिनमा बिक्रीका लागि तयार हुन्छ ।" आगामी तिहारलाई लक्ष्य गरी फूलखेती सुरु गरिएको उहाँको भनाइ थियो । यस वर्ष केही ढिला भए पनि छिटो फूल्ने मल प्रयोग गरिएको उहाँले बताउनुभयो । गाउँपालिकाले सयपत्री फूलखेतीलाई प्राथमिकतामा राखेर गाउँपालिकाअन्तर्गतका सबै कार्यक्रममा खादा प्रयोगको सट्टासयपत्रीको मालालाई प्राथमिकता दिने निर्णय गरिसकेको छ । उहाँले भन्नुभयो, "फूल फुल्न थालेपछि पालिकाका हरेक कार्यक्रममा सयपत्रीको माला प्रयोग हुन्छ । आँधीमूलमा लाग्ने मेलामा पनि सयपत्री फूलले सहयोग पुर्‍याउँछ ।" यहाँ सुरु गरिएको फूलखेतीले प्रत्येक वर्ष बाहिरबाट फूल खरिद गरेर ल्याउनुपर्ने अवस्था अन्त्य हुने यान्चोक आमा समूहकी अध्यक्ष सुनिता आलेमगरले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आमा समूहमा आबद्ध महिला अहिले गोडमेल र रेखदेखमा लागिरहेका छन् । फूलखेतीले महिलालाई आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास गरेका छौं ।" आँधीमूल आमा समूहकी अध्यक्ष ललिता मगरले पनि घरायसी काममा व्यस्त रहँदै आएका महिलालाई आवद्ध गराई फूलखेती सुरु गरिएको जानकारी दिनुभयो । गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रमअन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री फूलका बिरुवा वितरण गरेको थियो । महिलालाई फूलखेतीमा आकर्षित गराउँदै आयआर्जनसँग जोड्ने उद्देश्यसहित सय प्रतिशत अनुदानमा बिरुवा वितरण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सयपत्री फूल प्रत्येक वर्ष विदेशबाट आयात हुँदै आएको थियो । त्यसको आयत प्रतिस्थापन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य राखेका छौं ।" गाउँपालिकाले वडा नं १ को आँधीमूल आमा समूहलाई आठ हजार चार सय र यान्चोक आमा समूहलाई १२ हजार सयपत्री फूलको बिरुवा वितरण गरेको थियो । गाउँपालिकामा पुष्पखेती नहुँदा हरेक वर्ष बाहिरबाट फूल ल्याउनुपर्ने अवस्था रहेकाले गाउँपालिकाभित्रै फूल उत्पादन हुन सके त्यो अवस्था रोकिने अध्यक्ष चुमानको भनाइ थियो । उहाँले भन्नुभयो, "फूलखेतीबाट महिलाले आम्दानी पनि गर्न सक्ने र यसले गाउँपालिकालाई पनि फूलमा आत्मनिर्भर बनाउन सहयोग पुग्नेछ ।"